# अरुण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

९८५२०८२३३३
arunrmun@gmail.com
https://arunmun.gov.np/

पत्र संख्या: २०८२/८३
चलानी नम्बर:

नेपाल संवत्:- ११४६

## तह वृद्धिको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना।

**प्रकाशित मिति: २०८३।०३।०१**

अरुण गाउँपालिकाको स्थानीय सरकारी सेवामा कार्यरत स्थायी कर्मचारीहरुले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २७ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम योग्यता पुगेका कर्मचारीहरुले तह वृद्धिको लागि तपसिल बमोजिमका कागजातहरु संलग्न गरी छुट्टै फायल तयार गरेर असार मसान्तभित्र यस कार्यालयमा निवेदन पेश गर्न हुन उक्त ऐनको दफा २७ को उपदफा (३) बमोजिम सम्बन्धित सम्पूर्णमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
२. तह वृद्धि सम्बन्धी दरखास्त फाराम।
३. पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम।
४. सेवा अवधि पुष्टि गर्ने नियुक्ति/ बढुवा नियुक्तिको प्रतिलिपि।
५. सरुवा तथा रमाना पत्रको प्रतिलिपि (सरुवा भई आएको कर्मचारीको लागि)।
६. स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि (समायोजन भएका कर्मचारीको हकमा)।
७. बढुवा/तह मिलान/ तह बृद्धि भएको भएमा सो पत्रको प्रतिलिपि।
८. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र।
९. पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)।

जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत

जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगर।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर।
श्री सूचना तथा प्रविधि शाखा, अरुण गाउँपालिकाको कार्यालय (वेवसाइटमा प्रकाशन गर्नुहुन।)